# ब्यूटी पार्लर

## औद्योगिक स्कीम

- परिचय र प्राविधिक पक्ष
- आर्थिक पक्ष

नेपाल सरकार
उद्योग मन्त्रालय
घरेलु तथा साना उद्योग विभाग
त्रिपुरेश्वर

# ब्यूटी पार्लर

## परिचय आवश्यकता र उपयोगिता :

मानिस प्रमात्माको रचनाहरु मध्ये अत्यन्त उत्कृष्ट र सुन्दर प्रशासनीय संरचना हो । प्रकृतिका सुन्दरता मध्ये मानव जातिमा प्रकृतिक सुन्दरता, भौतिक सुन्दरता र आर्तमियक सुन्दरताहरु देख्न सकिन्छ । कुनै पनि व्यक्ति आफैंमा परिपूर्ण रुपले सम्पन्न भएको विरलै पाइन्छ । कुनैपनि मानिसलाई प्रकृतिले सम्पूर्ण सौन्दर्य प्रदान गरेको हुदैंन, अथवा प्रकृतिले ठगेको हुन्छ । जस्तै :–कसै कसैको अनुहार नमिलेको, उमेर नपुगी कपाल फुलेको, अनुहारमा चाया बस्नु, अनुहारमा चाउरी पर्नु, हातखुट्टामा अनावश्यक रौं आउनु जसले गर्दा मानिसमा हुनुपर्ने सौन्दयतामा प्रतिकुल असर परिरहेको हुन्छ ।

अतः आज आएर केही हदसम्म कुरुपतालाई बदल्ने वा कम गर्ने, परिवर्तन गर्ने प्रकृयाहरु ब्युटिसियनहरुले अविष्कार गरेका छन् । जस्तै :– अनुहारलाई राम्रो पार्न फेसियल, फेस ब्लीज, गरिन्छ । हातखुट्टालाई आकर्षण देखाउने प्रकृयामा मेनिकियर पेडिकेयर गरिन्छ । शरीरमा भएका अनावश्यक रौंहरु हटाउन Threading वा Waxing गरिन्छ , Oil massage ले धेरै कुरामा फाइदा हुन्छ तसर्थ आजको फेशनयूक्त प्रतिस्पर्धात्मक जमानामा ब्यूटिपार्लर र ब्युटिसियनको ठूलो भुमिका हुन्छ ।

**प्रविधिः**

ब्यूटी पार्लर गर्ने प्रविधि सरल छ । सर्वप्रथम मानिसका अनुहार र सुहाँउदो पहिरन र आकर्षणको पहिचान गरी मानिसलाई त्यस अनुसार ब्यूटी पार्लरको विधिहरु (कपाल काटने, थ्रेडिङ्ग, हेयर आयल मसाज, वाक्स, मेनीक्यूर पेडीक्यूर, फैसियल, नैल आर्ट आदि ) अपनाई र ग्राहकको माग अनुसारले अनुहार र शरीरलाई आकर्षक बनाइन्छ । यस उद्योगलाई संचालन गर्न प्रत्यक्ष तथा अप्रत्यक्ष गरी जम्मा ४ जना कामदार चाहिन्छ ।

## ब्युटी पार्लर संचालनमा प्रयोग हुने साम्रागी र तिनका कामहरु :

- कपाल काटने : टाउको मा भएको कपाललाई अनुहार अनुसारको आर्कषक देखिने गरी विभिन्न सामाग्रीको प्रयोगले कपाल काटीन्छ । कपाल काटदा प्रयोग हुने सामग्रीहरु -पुच्छर भएको कागियो , ठुलो कागियो , ज्याकपिन , स्प्रे बोतल , कैंची , एप्रोन  आदिको सहायताले कपाललाई स्ट्रेट कट , यु कट , भी कट, थाई  कट , मुशरुम कट , हाफ सयागी कठ , स्टेप कट , भेज कट , ब्याइज कट , सँपिलिट कट , अनुसारको कटीन्छ ।
- थ्रेडिङ्ग : शरिरमा भएको अनावश्यक रौंलाई धागो नम्बर ४० को मद्दतले कैंची बनाएर अनावश्यक रौंलाई शरिरबाट अलग गरिन्छ । थ्रेडिङ्ग गर्नको लागि आवश्यक पर्ने समाग्री - धागो नम्बर ४० साना ऐना , पाउडर लोसन , रोज वाटर , कैंची , टक्जिर आदिको प्रयोगले थ्रेडिङ्ग गरिन्छ ।
- हेयर आयल मसाज : बिशेष गरेर लामो कपाल भएको मानिसलाई उपयुत्त तेलको प्रयोग गरि कपालको जरासम्म तेल पु-याई मसाज Moment गर्ने गरिन्छ । जसले गर्दा ठाउको दुख्दैन , कपाल झरदैन र आन्नद को महसुस हुन्छ ।
- वाकस : हात खुट्टा आदिमा भएको रौहरु निकालने विधिनै वाकस हो  यस विधिमा वाकस क्रिमको मद्दतले रौंहरु निकालिन छ वाकस गर्न चाहिने सामग्रीहरु बलन्ट कैंची (धार नभएको ),

वाकस, हिटर, पाउडर, धागो नम्बर ४०, वाकस पेड, रोज वाटर, तौलिया, जग ,वाकस किम आदि हुन ।

- हातको सफाइ र खुट्टाको सफाइ (Manicure-Pedicure) : हात र खुट्टा लाई सफा, नरम, कमलो रहनुको साथै चाउरी पर्नबाट छुटकारा पाउनको लागि हप्ताको एक पटक गर्नु पर्दछ । Manicure र Padicure गर्दा प्रयोग हुने सामाग्रीहरु ठूलो वाटा, कुरकुच्चा घोटने ढुङ्गा, मैनुकेयर सेट, क्युसिटल किम, मसाज किम, हाइड्रोजन पेरो-अक्साइड, डेटोल, नैल ब्रश, हाट वाटर, लेमोन, नैल पोलिस, नैल रिमुभर, शैम्पु, कटन, तौलिया आदि पर्दछन ।
- फैसियल :-मानिसलाई आकर्षक देखिनको लागि अनुहारमा भएका विभिन्न किसिमका दागहरु हटाई, कपाललाई सुहाउँदो कलरिङ्ग गरी एउटा नयाँपन दिनु नै फैसियल हो ।
- नैल आर्ट :- हात र खुट्टाको नङ्गलाई आकर्षक देखिनको लागि विभिन्न नैल पोलिसको सहयाताले पोलिस गरी आकर्षक बनाइन्छ ।
- अस्थायी आइरन :- कपाललाई सिधा पार्नको निम्ति आइरनको प्रयोग गर्नु नै अस्थायी आइरन हो ।
- अस्थायी पर्म :- कपाललाई करली पार्नको निम्ति आइरनको प्रयोग गर्नु नै अस्थायी पर्म हो ।

## वातावरणीय पक्ष

### प्रदुषणको किसिम

प्रस्तुत उद्योगबाट खास गरी निम्नानुसारको खेर पदार्थको निस्काशन वा प्रदुषणबाट वातावरणमा असर पार्न सक्ने देखिन्छ ।

| सि.नं. | प्रदुषणको किसिम | निश्कासन हुने बस्तुहरु | रोकथामका उपायहरु |
|---|---|---|---|
| १ | ठोस खेर पदार्थ | प्रयोग नभएका material and tools को प्याकेट, hair & nail को टुक्रा , मरेको छाला | सड्ने जति गाडने, अरु जलाउने |
| २ | तरल खेर पदार्थ | सफा गर्न प्रयोग भएको पानी र साधारण केमिकल | खाल्डामा जम्मा गरी सफा पानी मात्रै वाहिर पठाउने |
| ३ | ध्वनी प्रदुषण | हेयर कटिङ्ग मेशिनहरुको आवाजले हल्का ध्वनी प्रदुषण हुने देखिन्छ । | मेसिनहरुको समय समयमा मर्मत, लुव्रिकेशन गर्ने, ध्वनीकम गर्ने साधानहरु प्रयोग गर्ने |
| ४ | वायु प्रदुषण | त्यस्तो असर पर्ने केमिकलहरु प्रयोग हुने नभएकोले वायु प्रदुषण हुदैंन । | |

## सरसफाई

उत्पादनस्थल को दैनिक दुई पटक फिनाएल पानीले सरसफाई गर्नु पर्छ । मेशिन औजारहरुलाई प्रयोग गरेर काम समाप्त भएपछी सफा गरी औजारहरु सुरक्षित तरिकाले निर्दिष्ट स्थानहरुमा राख्नु पर्छ । फोहर मैलालाई तोकेको स्थानमा विसर्जन गर्नुपर्छ ।

## कामदारहरुको स्वास्थ्य र सुरक्षा

कामदारहरुलाई आवश्यक मात्रामा र समय समयमा मास्क, पजां, एप्रोन तथा टोपी दिनुपर्छ । कामदारहरुलाई काम गर्ने मेसिन र प्रकृयाबारे जानकारी समय समयमा गराउनु पर्छ । कामदारहरुको स्वास्थ्य परीक्षण वर्षमा कम्तीमा एक पटक गराउनु पर्छ । बढी भारी सामान ओसार पसार गर्नु परेमा उर्पयुक्त गाडा वा साधनको प्रयोग गर्नुपर्छ । आवश्यक मात्रामा प्राथमिक उपचारका सामग्रीहरु उत्पादन स्थलमा हरसमय राख्नु पर्दछ । कामदारहरुलाई स्वास्थ्य वा काम गर्दा लागेका अप्ठ्यारा बारे समय समयमा अन्तरकृया गरी पृष्ठपोषण लिनुपर्छ र आवश्यक सुधारहरु गर्नृपर्छ ।

## ध्वनी प्रदुषण:

यस किसिमको व्यवसायमा खासै ध्वनी प्रदुषण हुदैनं । तर कटिङ्ग मेशिनहरु चल्दा उत्पन्न हूने ध्वनीले कसैलाई असर हुदैन ।

## ट्रेनिङ्ग:

१. कामदार कर्मचारीहरुलाई काममा लगाउनु भन्दा पहिला तीनलाई कार्यस्थल देखाई प्रयोग हुने मेशिन र प्रकृया बारे जानकारी तथा तहां रहेका सम्भावित जोखिम तथा असरहरु बारे जानकारी दिनु पर्छ ।
२. उद्योगमा बिधमान जोखिमहरुबारे जानकारी दिएपछी त्यसबाट बच्ने उपाय तथा प्रयोग गर्ने साधनहरु र केही भएमा के के गर्ने र कसलाई सम्पर्क गर्ने जानकारी समेत दिनुपर्छ ।
३. नयां कामदारहरुलाई तीनले गर्नु पर्ने कार्यको जानाकरी गराई पुरानाको निर्देशन अन्तर्गत राखी ट्रेनिङ्ग दिई केही समय कार्य गराउनु पर्छ ।
४. कामदारहरुलाई वर्षमा कम्तीमा दुई पटक उर्पयुक्त , उत्प्रेरणा दिने खालका आवश्यक विषयका ट्रेनिङ्गहरु दिनु पर्छ ।
५. सबै कामदारहरुलाई प्राथमिक उपचार सम्बन्धी तालिम दिनु पर्छ ।
६. कामदारहरुलाई नयां प्रकृया वा मेशिनहरुबारे बेला बेलामा आन्तरीक वा बाह्य तालिम दिनु पर्छ ।

## अग्नी तथा विद्युतिय आकस्मिक घटनाः

अग्नी तथा विद्युतिय आकस्मिक घटनाबाट बच्न र बचाउन उधोगस्थलमा पर्याप्त र उपर्युक्त स्थानहरुमा अग्नी निवारक यन्त्र ( Fire Extuingusher) तथा बालुवा र आगो निभाउन प्रयोग हुने भाडांहरु तथा उपकरणहरु राख्नु पर्छ । सबै कामदारहरुलाई अग्नी निवारक यन्त्रहरु प्रयोग गर्न सिकाउनु पर्छ । विघुतीय लाइनहरु ( electrical wirings) को चेकजाचं ६ - ६ महीनामा गर्नु पर्छ , प्रयोग हुने विद्युतिय स्विचहरु औद्योगिक किसिमका ( spark proof ) र पर्याप्त क्षमताका हुनुपर्छ ।

# औद्योगिक स्किम

| | | | | |
|---|---|---|---|---|
| १ | **परियोजनाको नाम** | **Beauty Parlour** | | |
| २ | वार्षिक उत्पादन क्षमता | 4,700 nos./annum | | |
| ३ | कारखाना स्थापना हुने स्थान | शहरी  तथा ग्रामिण क्षेत्र | | |
| ४ | **वार्षिक काम गर्ने समय** | दैनिक ८ घण्टा, वार्षिक ३०० दिन | | |
| ५ | **कुल पूँजी लागनी** | | | ३,७६०,०००।०० |
| क) | चालु पूँजी | | ३६३,०००।०० | |
| ख) | स्थिर पुँजी | | ३,३९७,०००।०० | |
| ६ | **वितिय संस्थाबाट ऋण** | | | २,२५६,०००।०० |
| क) | दिर्घकालिन ऋण | | २,०३८,२००।०० | |
| ख) | अल्पकालिन ऋण | | २१७,८००।०० | |
| ७ | **मुनाफाको प्रतिफल प्रतिशतमा** | | | २९ |
| क) | कुल पँजी लागनीमा | | २९ | |
| ८ | **पार विन्दु** | | | |
| क) | प्रतिशतमा | | | ४३ |
| ख) | मूल्यमा | | | ९५३,६२९।०१ |
| ९ | **मुनाफा** | | | १,०७४,०८२।०० |
| क) | वार्षिक आम्दानी | | २,२२५,०००।०० | |
| ख) | बार्षिक खर्च | | १,१५०,९१८।०० | |
| १० | **रोजगारी** | | जनामा | ४ |

# Beauty Parlour

शहरी  तथा ग्रामिण क्षेत्र

औद्योगिक स्कीम

| | स्थिर पूँजी विबरण | परिमाण | एकाई | दर | जम्मा | २,२००,०००।०० |
|---|---|---|---|---|---|---|
| १ | जग्गा | १० | धुर | २००००० | २,०००,०००।०० | |
| | जग्गा विकास | १० | प्रतिशत | | २००,०००।०० | |

| २ | निर्माण | परिमा० | एकाई | दर | जम्मा | ८५०,०००।०० |
|---|---|---|---|---|---|---|
| क) | Working Cabin | Sq. Ft. | ६०० | ८०० | ४८०,००० | |
| ग) | office building | Sq. Ft. | २०० | ९०० | १८०,००० | |
| घ) | Storage of Raw materials & tools | Sq. Ft. | २०० | ७०० | १४०,००० | |
| ङ) | Miscellaneous | | | | ५०,००० | |
| | | | | | | |

| ३ | मेशिन औजार | एकाई | परिमाण | दर | जम्मा | १७२,०००।०० |
|---|---|---|---|---|---|---|
| | Steamer | No. | १ | १५,०००।०० | १५००० | |
| | Plane mirror(3x2) ft. | Nos. | ४ | २,०००।०० | ८००० | |
| | Hair Drier | Nos. | ४ | ४,०००।०० | १६००० | |
| | hair trimmer | No. | ४ | ५००।०० | २००० | |
| | Hair heater | No. | ४ | १,०००।०० | ४००० | |
| | vessel for manicure & padicure | Nos. | २ | १,२००।०० | २४०० | |
| | Genset 2 KVA | No. | १ | ४०,०००।०० | ४०००० | |
| | Enclined Chair | Nos. | ४ | ५,०००।०० | २०००० | |
| | Spray Bottle | Nos. | ५ | ५००।०० | २५०० | |
| | Different kinds of mirror | L/S | १ | ३,५००।०० | ३५०० | |
| | Different kinds of Comb | L/S | १ | १,०००।०० | १००० | |
| | Jackpin | L/S | १ | १,०००।०० | १००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | Scissor | No. | १ | १०,०००।०० | १०००० | |
| | Exhaust Fan and Fire Extinguisher | Nos. | २ | १२,०००।०० | २४००० | |
| | Contingency 15% for Import Duty, Transportation, Erection etc. | | | २२,४१० | २२,६०० | |
| | | | | | १७२००० | |

४ फर्निचर तथा फिक्चर अफिस इकुप्पमेन्ट २५,०००।००

५ उद्योग लगानी हुनु पुर्व खर्च ७५,०००।००

६ तथा उद्योग संचालन हुन अघिको खर्च ७५,०००।००

८ कुल स्थिर पुंजी ३,३९७,०००।००

| | चालु पँजी विवरण | | परिमाण | एकाई | जम्मा | ३६३,०००।०० |
|---|---|---|---|---|---|---|
| क) | कच्चामाल मौज्दात | | ४५ | दिन | ४,९१२।५० | |
| ख) | प्रशोधनमा रहने | | १ | दिन | २,८०५।४५ | |
| ग) | तैयारी माल मौज्दात | | १ | दिन | २,७११।०७ | |
| घ) | उधारो विक्रि दिन | | ६०६ | दिन | ३५२,५७०।९९ | |
| | चालु पूजी लगानी | | | | ३६३,०००।०० | |

क) कुल पूँजी लगानी ३,७६०,०००।००

ख) कुल स्थिर पूँजी लगानी ३,३९७,०००।००

ग) कूल चालु पूजी लगानी ३६३,०००।००

## वार्षिक उत्पादन खर्च

## स्थिर खर्च

| १ | ह्रास कट्टी | परिमाण | एकाई | दर | जम्मा | ६४,७००।०० |
|---|---|---|---|---|---|---|
| क) | भवन | ८५०,०००।०० | प्रतिशत | ५ | ४२,५००।०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ख) | मेशिन औजार | १७२,०००।०० | प्रतिशत | १० | १७,२००।०० | |
| ग) | फर्निचर फिक्चर | २५,०००।०० | प्रतिशत | २० | ५,०००।०० | |

२ **विमा १ प्रतिशतले (स्थिर मुल्यमा जग्गाको मुल्य बाहेक)** **११,९७०।००**

| | | परिमाण | एकाई | दर | जम्मा | |
|---|---|---|---|---|---|---|
| ३ | **ब्याज दिर्घकालिन ऋण** | २,०३८,२००।०० | प्रतिशत | १२ | २४४,५८४।०० | **२४४,५८४।००** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | **अप्रत्यक्ष कर्मचारी** | परिमाण | एकाई | दर | जम्मा | **१८०,०००।००** |
| क) | ब्यबस्थापक | १ | जना | १५००० | १८०,०००।०० | |
| | | १ | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | **कार्यालय खर्च** | | | | | **१२७,५००।००** |
| क) | मसलन्द छपाई अफिस समान | | | | २०,०००।०० | |
| ख) | भत्ता परिवहन | | | | १०,०००।०० | |
| गं) | मर्मत संभार | | | | २०,०००।०० | |
| घ) | दस्तुर महशुल | | | | ३०,०००।०० | |
| ङ) | भैपरी तथा अन्य | | | | २५,०००।०० | |
| च) | स्थिर विजुली खर्च | युनिट | १५० | १२।५ | २२,५००।०० | |
| ६ | **लेखा परिक्षण** | | | | | **१०,०००।००** |
| ७ | **कुल स्थिर खर्च** | | | | | **६३८,७५४।००** |

## चल खर्च विवरण

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | **कच्चामाल** | परिमाण | एकाई | दर | जम्मा | **३२,७५०।००** |
| a | Apron & Towel | ५ | Nos. | ७०० | ३,५०० | |
| b | Thread | ५ | Roll | ५० | २५० | |
| c | Powder lotion | ४ | Nos. | ५०० | २,००० | |
| d | Rose water | २ | Ltr. | १,००० | २,००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| e | Hair Oil | ५ | Ltr. | ६०० | ३,००० | |
| f | Wax Cream | ६ | Nos. | ६०० | ,६०० | |
| g | Hydrogen peroxide | २ | Ltr. | १,२०० | २,४०० | |
| h | Dettol | २ | Ltr. | १,५०० | ३,००० | |
| i | Nail polish & Remover | १ | Set | २,५०० | २,५०० | |
| j | Shampoo | ५ | Ltr. | १,२०० | ६,००० | |
| k | Colouring | १ | Set | ३,००० | ३,००० | |
| l | Massage Cream | ५ | Nos. | ३०० | १,५०० | |

| ९ | प्रत्यक्ष कामदार | परिमाण | एकाई | दर | जम्मा | २८२,०००।०० |
|---|---|---|---|---|---|---|
| क) | दक्ष कामदार | १ | जना | ९,०००।०० | १०८,०००।०० | |
| ख) | अर्धदक्ष कामदार | १ | जना | ८,०००।०० | ९६,०००।०० | |
| ग) | सहायक कामदार | १ | जना | ६,५००।०० | ७८,०००।०० | |
| | | ३ | | | | |

| १० | उत्पादन तथा अन्य खर्च | | | | | १६९,१००।०० |
|---|---|---|---|---|---|---|
| क) | विद्युत महशुल | १८०० | KHW | ८।५ | १५,३००।०० | |
| ख) | पानी | | | | १०,०००।०० | |
| ग) | मर्मत सम्भार | | | | २५,०००।०० | |
| c | Diesel | १,२०० | L | ९९ | ११८,८०० | |

| ११ | ब्याज अल्पकालिन ऋण | परिमाण | एकाई | दर | जम्मा | २८,३१४।०० |
|---|---|---|---|---|---|---|
| | | २१७,८००।०० | प्रतिशत | १३ | २८,३१४।०० | |

| १२ | कुल चल खर्च | ५१२,१६४।०० |
|---|---|---|
| १३ | कुल बार्षिक उत्पादन खर्च | १,१५०,९१८।०० |

| | आम्दानी विक्री विवरण | परिमाण | एकाई | दर | जम्मा | २,२२५,०००।०० |
|---|---|---|---|---|---|---|
| a | Manicure padicure | १,००० | Nos. | ६०० | ६००,००० | |
| b | Hair Dressing | २,५०० | Nos. | ३५० | ८७५,००० | |
| c | Facial | १,५०० | Nos. | ५०० | ७५०,००० | |

| | | |
|---|---|---|
| **मूनाफा ढ (Gross Profit)** | | १,०७४,०८२।०० |
| बार्षिक बिक्रिबाट आम्दानी | | २,२२५,०००।०० |
| Sales Expenses | 10% | २२२,५००।०० |
| Net Sales Revenue | | २,००२,५००।०० |
| वार्षिक उत्पादन खर्च | | १,१५०,९१८।०० |

| | | |
|---|---|---|
| Tax | 20% | २१४,८१६।४० |

| | |
|---|---|
| Net Profit | ८५९,२६५।६० |

| | |
|---|---|
| Break Even Point (%) | **42.86%** |

| | |
|---|---|
| Return on Investment (ROI) | **22.85%** |

## वित्तिय विश्लेषण झलक

**पार विन्दु**

| | | |
|---|---|---|
| पार विन्दु | प्रतिशतमा | ४३ |
| पार विन्दु मूल्यमा | | ९५३,६२९।०१ |
| कच्चा पदार्थको मूल्य १० प्रतिशत बढेमा | | |
| कच्चामालको मूल्य | | ३६,०२५।०० |
| कुल चल खर्च | | ५१५,४३९।०० |

| | | |
|---|---|---|
| कुल स्थिर खर्च | | ६३८,७५४।०० |
| विक्रीबाट आम्दानी | | २,००२,५००।०० |
| पार विन्दु | प्रतिशतमा | ४३ |

पार विन्दु कच्चा पदार्थको मूल्य १० प्रतिशत घटेमा

| | | |
|---|---|---|
| कच्चामालको मूल्य | | २९,४७५।०० |
| कुल चल खर्च | | ५०८,८८९।०० |
| कुल स्थिर खर्च | | ६३८,७५४।०० |
| विक्रीबाट आम्दानी | | २,००२,५००।०० |
| पार विन्दु | प्रतिशतमा | ४३ |

**प्रतिफल विश्लेषण**

| | | |
|---|---|---|
| लगानीको प्रतिफल | प्रतिशतमा | २९ |
| स्वलगानीको प्रतिफल | प्रतिशतमा | ७१ |